# गणतन्त्र दिवसमा भारतको शक्ति प्रदर्शन

**नयाँ दिल्ली ।** ७४ औं गणतन्त्र दिवसमा भारतले बिहीबार राजधानी नयाँ दिल्लीमा शक्ति प्रदर्शन गरेको छ । भारतीय सेनाका विभिन्न टुकडीले शक्ति प्रदर्शन गरेका हुन् ।

राष्ट्रपति द्रौपदी मुर्मुले दिल्लीस्थित कर्तव्य पथमा राष्ट्रिय झण्डा फहराएसँगै सैनिक परेड सुरु भयो । भारतीय सेनाले स्वदेशी हतियारको प्रदर्शन गरे । यसक्रममा नारी शक्तिको पनि परेडमा देखिए । यो प्रदर्शनका क्रममा केही विश्व कीर्तिमान पनि बने । गणतन्त्र दिवसका दिन ५० वटा युद्धक जहाजसहित राफेलले पनि शक्ति देखायो ।

गणतन्त्र दिवसको बिहान मोदीले युद्ध स्मारकमा शहिदहरूलाई श्रद्धाञ्जली दिए । देशवासीलाई शुभकामना दिँदै उनले स्वतन्त्रका लागि लडेका योद्धाहरूको सपना सबै मिलेर पूरा गर्ने आश्वासन दिए ।

यस पटक इजिप्टका राष्ट्रपति अब्देल फतेह अल सीसी मुख्य अथिति थिए। उनको देशको सैनिक टुकडीले पनि परेडमा भाग लियो । यसका अलावा आर्म्ड फोर्सेस, राज्य र विभागको २३ वटा झाँकी पनि निकालियो । गणतन्त्र दिवसमा पहिलो पटक बोर्डर सेक्युरिटी फोर्स । बीएसफ)को उँटको टुकडीमा महिला अधिकृत सामेल भए ।

सर्फेस टु एयर मिसाइल सिस्टम आकाश टुकडीको नेतृत्व लेफ्टिनेन्ट चेतना शर्माले गरिन् । यिनमा स्थल सेनाका ३ र एयरफोर्स तथा नेभीका एक-एक सदस्य थिए । लेफ्टिनेन्ट चेतनाले आफ्नो सपना पूरा भएको बताइन्। चेतना आर्मी एयर डिफेन्स युनिटमा कार्यरत छिन् ।

चेतनाका अलावा लेफ्टिनेन्ट डिम्पल भाटी आर्मीको डेयरडेभिल्स मोटरसाइकल टिमको सदस्य छिन् । उनले यो परेडका लागि एक वर्षदेखि तालिम गरेको खुलाइन् । पहिलो पटक यो गणतन्त्र दिवसमा भारतीय तोपले सलामी दियो । अहिलेसम्म भारतीय सेनाले ब्रिटेनमा बनेका तोपबाट सलामी दिने गरेको थियो ।


कम्पनी दर्ता नं. : २०१२९२ ०७५ ०७६ इजाजतपत्र नं. ने.रा.बैंक इ.प्रा. "घ" ०९ ०७५ ०७६

स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.

SWASTIK LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था, प्रादेशिकस्तर (मधेश प्रदेश)

**Unaudited Financial Results (Quarterly)**

As at 2nd quarter ending on 30/09/2079 (14/01/2023) of fiscal year 2079/080

NRs.in '000'

| S.N. | Particular | This Quarter Ending' | Previous Quarter Ending' | Corresponding Previous year Quarter Ending' |
|---|---|---|---|---|
| 1 | **Total Capital and liabilities (1.1-1.7)** | **603,695.83** | **675,305.97** | **734,500.43** |
| 1.1 | Paid up Capital | 34,650.00 | 34,650.00 | 34,650.00 |
| 1.2 | Reserve And Surplus | 27,199.20 | 24,988.35 | 25,149.87 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowing | 366,900.18 | 412,687.12 | 481,838.37 |
| 1.5 | Deposit (a+b) | **140,174.48** | **173,953.42** | **163,856.07** |
| | a. Member | 140,174.48 | 173,953.42 | 163,856.07 |
| | b. Public | | - | - |
| 1.6 | Income Tax liabilities | 596.93 | - | - |
| 1.7 | Other liabilities | 34,175.04 | 29,027.07 | 29,006.12 |
| 2 | **Total Assets (2.1-2.7)** | **603,695.83** | **675,305.97** | **734,500.43** |
| 2.1 | Cash & Bank balance | 14,116.05 | 14,336.25 | 20,146.81 |
| 2.2 | Money At Call And Short Notice | - | - | 19,857.45 |
| 2.3 | Investment | - | - | - |
| 2.4 | Loan And Advance | 575,939.77 | 644,082.38 | 680,165.67 |
| 2.5 | Fixed Assets | 3,394.44 | 3,394.44 | 3,604.02 |
| 2.6 | Non-banking Assets | | | - |
| 2.7 | Other Assets | 10,245.57 | 13,492.90 | 10,726.48 |
| 3 | Profit and loss Account | Up to This Quarter | Up to Previous Quarter | Up to Corresponding Previous year Quarter |
| 3.1 | Interest Income | 46,974.11 | 23,841.65 | 44,227.01 |
| 3.2 | Interest Expenses | 31,839.67 | 16,271.80 | 22,854.40 |
| | **A. Net Interest Income (3.1-3.2)** | **15,134.43** | **7,569.85** | **21,372.61** |
| 3.3 | Fee, Commission And Discount | | - | - |
| 3.4 | Other Operating Income | 6,797.08 | 1,933.84 | 8,632.29 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | - | - |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **21,931.51** | **9,503.69** | **30,004.90** |
| 3.6 | Staff Expenses | 10,660.38 | 6,383.47 | 9,776.61 |
| 3.7 | Other Operating Expenses | 5,199.78 | 2,591.70 | 4,784.02 |
| | **C. Operating Profit Before Provision (B-3.6-3.7)** | **6,071.36** | **528.52** | **15,444.27** |
| 3.8 | Provision for Possible losses | 7,367.49 | 2,639.15 | 5,003.01 |
| | **D. Operating Profit (C-3.8)** | **(1,296.13)** | **(2,110.63)** | **10,441.26** |
| 3.9 | Non-Operating Income /Expenses (Net) | | - | - |
| 3.1 | Write back of Provision for Possible Losses | 3,506.98 | 691.72 | 3,367.27 |
| | **E. Profit for Regular Activities (D+3.9+3.10)** | **2,210.85** | **(1,418.90)** | **13,808.53** |
| 3.11 | Extra Ordinary Income/Expenses (Net) | | - | - |
| | **F. Profit Before Bonus And Taxes (E+3.11)** | **2,210.85** | **(1,418.90)** | **13,808.53** |
| 3.12 | Provision For Staff Bonus | 221.08 | - | 1,380.85 |
| 3.13 | Provision For Tax | 596.93 | - | 3,728.30 |
| | **G. Net Profit/Loss (F-3.12-3.13)** | **1,392.83** | **(1,418.90)** | **8,699.37** |
| 4 | Ratio | At the End of This Quarter | At the End of Previous Quarter | At the End of Corresponding Previous year Quarter |
| 4.1 | Capital Fund to RWA (As per NRB Directives) | 10.50% | 8.93% | 8.83% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 7.84% | 4.62% | 1.50% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 16.75% | 18.93% | 27.13% |
| 4.4 | Cost of Funds | 11.38% | 10.08% | 9.31% |
| 4.5 | Base Rate | 15.30% | 16.61% | 15.37% |
| 4.6 | Credit to Deposit Ratio (Calculate as per NRB Directives) | 370.26% | 370.26% | 415.10% |

Note: The above financial performance & position are subject to change from supervisory authority and statutory auditor.


प्रेम आचार्य आत्मदाह प्रकरण :

# आचार्यले नाम लिएकाहरु विरुद्ध जाहेरी दर्ता

**काठमाडौं ।** इलामको सूर्योदय नगरपालिका-११ का ३७ वर्षीय प्रेमप्रसाद आचार्यले मंगलबार संसद भवनअगाडिको नयाँबानेश्वरस्थित सडकमा आत्मदाहअघि फेसबुकमा नाम लिएका व्यक्तिविरुद्ध आत्महत्या दुरुत्साहनमा जाहेरी दर्ता गरिएको छ ।



संसद भवनबाहिर आत्मदाह गर्नुअघि आचार्यले फेसबुक ६ हजार ३३५ शब्दको एक पोस्टमार्फत नाम लिएका व्यक्तिहरुविरुद्ध जाहेरी दर्ता भएको हो । अधिवक्ता स्वागत नेपालले बिहीबार काठमाडौं प्रहरी परिसरमा आचार्यले नाम लिएका व्यक्तिहरुविरुद्ध जाहेरी दिएका हुन् ।

आत्महत्या दुरुत्साहनको कसुरमा जाहेरी दर्ता भएको काठमाडौं प्रहरी परिसरका प्रवक्ता एसपी दिनेशराज मैनालीले बताए । मंगलबार संसद भवनबाहिर पेट्रोल खन्याएर शरीरमा आगो लगाएका आचार्यको बुधबार बिहान कीर्तिपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो ।

विभिन्न व्यवसाय गर्दा पनि दलाल, बिचौलिया र ठुला व्यापारिक घरानाले शोषण मात्रै गरेको आरोप उनले लगाएका थिए । आफ्नो लाखौं पैसा बजारमा फस्दा ६० लाखभन्दा बढी ऋण लागेर व्यवसाय नै डुब्न पुगेपछि आत्मदाहको निर्णय लिएको उनले लेखेका थिए ।

### छानबिन समिति गठन

आचार्यले उठाएका विषयमा छानबिन गर्न गृह मन्त्रालयले छानबिन समिति बनाएको छ । गृह मन्त्रायका सह-सचिव नारायणप्रसाद रिसालको संयोजकत्वमा ६ सदस्यीय छानबिन समिति बिहीबार गठन गरिएको हो ।

# 'सामाजिक सञ्जाललाई नियमन गर्न आवश्यक'

**काठमाडौं ।** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सामाजिक सञ्जाललाई पनि नियमन तथा व्यवस्थापन गर्नुपर्ने बताएका छन् । सामाजिक सञ्जाल पनि आम सञ्चार माध्यामको रुपमा स्थापित हुन खोजिरहेको उल्लेख गर्दै उनले त्यसलाई सरकारले आफ्नो दायरामा ल्याएर नियमन तथा व्यवस्थापन गर्नुपर्ने आवश्यक्ता औंल्याएका हुन् ।

बिहीबार काठमाडौंमा आयोजित 'आम निर्वाचन २०२२ को मिडिया अनुगमन प्रतिवेदनसम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठी' मा बोल्दै प्रमुख निर्वाचन आयुक्त थपलियाले सामाजिक सञ्जाललाई प्रेस काउन्सिल नेपालले आफ्नो दायरामा ल्याएर अनुगमन गर्न सक्छ कि सक्दैन? भनि प्रश्न समेत गरे । उनले सबै सञ्चार माध्यामहरुमा प्रकाशित तथा प्रशारित हुने सामग्रीहरु स्वतः आउने गरी सफ्टवेयरको विकास गर्न पनि नेपाल प्रेस काउन्सिलसँग आग्रह गरे । त्यसो भयो भने अनुगमनको काम गर्न प्रेस काउन्सिल नेपाललाई सहज हुने उनको भनाइ थियो ।

थपलियाले भने, 'मलाई प्रेस काउन्सिल नेपालप्रति चाहिँ एउटा अनुरोध के छ भने अहिले हामीले जुन प्रतिवेदन गर्यौं। प्रतिवेदनमा नाईटी प्रतिशत कुरा थिंये होलान। हामीले यस्तो सफ्टवेयर डेभलप्ट गर्नु पर्छ अनाधिकृत रुपमा प्रकाशित, प्रसारित हुने विषय त हामी के गर्न सकौला र । आधिकारिक रुपमा प्रशारण हुने विषय प्रशारण हुनसाथ स्वतः प्रेस काउन्सिल नेपालको त्यो सफ्टवेयरमा स्वतः आउने व्यवस्था हुनु पर्यो। यो प्रणाली उहाँहरुले डेभलप्ड गरिसक्नु भएको छ भने त्यो हेर्नका निमित्त एउटा डेडिकेटेट टिम बनाईदिने बित्तिकै रेडियोले के भने, अनलाइनमा कहाँ आयो, छापा माध्याममा के आयो? सामाजिक सञ्जालले के बोल्यो ? भन्ने आउँछ ।'

उनले थपे, 'अहिले सामाजिक सञ्जाल पनि समाचार माध्यामको रुपमा स्थापित हुन खोज्दैछन् । यीनलाई कहाँ, कसले हेर्ने हो ? सबै यही प्रेस काउन्सिलले हेर्न सक्छ कि सक्दैन ? त्यो अर्को पाटो हो । तर यसलाई पनि अब समग्रमा मैले चुनावको कुरा मात्रै गरिराखेको छैन। एउटा दायरामा ल्याएर यसको व्यवस्थापन र नियमनको पनि कुरा गर्नु पर्छ ।'

उनले सो सफ्टवेयरलाई हेर्नका लागि प्रेस काउन्सिल नेपालले छुट्टै टिम बनाउँदा उपयुक्त हुने सुझाव समेत दिए ।